निर्णय नं. २ :- यस गाँउपालिकाको आर्थिक ऐन,२०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

# प्रसौनी गाउँपालिकाको आर्थिक ऐन २०७९

## प्रसौनी गाउँपालिका

## आर्थिक ऐन २०७९

**गाउँ सभाबाट स्वीकृत भएको मिति : २०७९/०४/२२**

प्रसौनी गाउँपालिका
प्रसौनी , बारा

मधेश प्रदेश, नेपाल

## प्रसौनी गाउँपालिकाको आर्थिक ऐन,२०७९

### प्रसौनी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना :**

प्रसौनी गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम प्रसौनी गाउँसभाले यो ऐन बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि प्रसौनी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम हुनेछ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। तर दफा २ बमोजिम सम्पत्ति कर लागाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन।

४. **घर जग्गा बहाल कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (३) मा उल्लेख भएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि गाउँपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ।

५. **व्यवसाय कर :** (१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उप दफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ।इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(५) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनसूची (५) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ ।

*स्पष्टीकरण:* यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको बिल वा बीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र गाउँपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ती वा संस्थालाई गाउँपालिकाले ब्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

७. **सवारी साधन कर** :(१) गाउँपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथा स्कुटरमा गाउँपालिकाले सवारी साधन करलगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (६) बमोजिम हुनेछ ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमवाट गाउँपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाँउ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. **मनोरञ्जन कर** : (१) गाउँपालिका क्षेत्रभित्र संचालित सिनेमाहल,सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल,जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम गाउँपालिकाले अनुसूची (८) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।

(२)उप दफा (१) बमोजिम गाउँपालिकालेउठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** (१) गाउँपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (९) बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

CamScanner

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापिएका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकालेन्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमबाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनकालागि गाउँपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमातोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमबाट बहाल बिटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

**११. पार्किङ्ग शुल्क** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (१०) मा उल्लेख भएवमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) गाउँपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

**१२. सेवा शुल्क, दस्तुर**:(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रसञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर,र्‍याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका वा नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटवजार, पशु बधशाला, शवदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) गाउँपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

CamScanner

(३) गाउँपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" बर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल,स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइनेर उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (११) मा उल्लेख भएबमोजिम हुनेछ ।

**१३. बिक्री तथा निकासी शुल्क** :(१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (१२) मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र कामनलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमबाट गरिने छ ।

**१४. एम्बुलेन्स सेवा शुल्क** : यस प्रसौनी गाउँपालिकाद्वारा संचालित एम्वुलेन्सको सेवा शुल्क दस्तुर यस ऐन को अनुसुची (१३) बमोजिम हुनेछ ।

**१५. घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन गाउँपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

**१६. दण्ड जरिवाना** :(१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१७. कर छुट** :(१) वार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

CamScanner

## अनुसूची १

(ऐनको दफा २ को उपदफा(२) संग सम्बन्धित)

### सम्पत्ति करको दर

| क्र.स. | कर योग्य एकीकृत सम्पत्तिको मुल्य | आगामि आ.व. २०७९।०८० को लागि प्रस्तावित दर (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १. | दशलाख रुपैया सम्म | प्रति लाख रु. ५ | |
| २. | एघार लाख देखि १ करोड सम्म | प्रति लाख रु. ७ | |
| ३. | १ करोड भन्दा माथि | प्रति लाख रु. १० | |
| **सम्पत्ति मुल्याङ्कन** | | | |
| | सम्पत्ति मुल्याङ्कन | प्रति हजार रु. ०.२५ (पचिस पैसा मात्र) | |
| **जग्गा मुल्याङ्कन** | | | |
| | जग्गा मुल्याङ्कन | प्रति हजार रु. ०.२५ ( पचिस पैसा मात्र) | |

*नोट : मुल्यांकन रकमलाई रु लाखमा **(Round Figure)** मा परिणत गरी करको दर निर्धारण हुनेछ ।*

CamScanner

*स्पष्टीकरण:* लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई गाउँ सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक गाउँपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना वा छुट दिइनेछैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१८. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन** :(१) गाउँपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले गाउँपालिकामा प्रशासकीय पुनरावलोकनकोलागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले अध्यक्ष/प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३)उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) गाउँपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदतालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा गाउँपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

१९.**ठेक्का आह्वान गर्न सक्ने** :(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोवस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का वन्दोवस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमकोआय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) गाउँपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) गाउँपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीवजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोवस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यवस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

२०. **सहयोग गर्नुपर्ने** : संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले गाउँपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२१. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** : गाउँपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा बिपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेछ ।

CS CamScanner

**२२. कार्यविधि बनाउन सक्ने** :(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

**२३. प्रचलित कानुन बमोजिम हुने** :यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

अनुसूची २
(ऐनको दफा ३ संग सम्बन्धित)

## भूमीकर (मालपोत) को दर

१. भूमि कर (मालपोत)

| क्र.सं. | क्षेत्र | जग्गा विवरण (प्रति कट्टा ) | रकम (रु ) | | | |
|---|---|---|---|---|---|---|
| | | | अबल | दोयम | सिम | चहार |
| | बजार क्षेत्र (राजमार्ग देखि ५०० मी. दाँया बाँया ) | ० देखी ५ सम्म | ० | ० | ० | ० |
| | | ५ देखि १० सम्म | २० | १५ | १० | १० |
| | | १० देखि २० सम्म | २५ | २० | २० | १५ |
| | | २० भन्दा माथि | ३० | २० | २० | १५ |
| | ग्रामिण क्षेत्र | ० देखी ५ सम्म | ० | ० | ० | ० |
| | | ५ देखि १० सम्म | ० | ० | ० | ० |
| | | १० देखि २० सम्म | १० | १० | १० | १० |
| | | २० भन्दा माथि | १५ | १० | १० | १० |
| | उद्योग तथा व्यसायिक प्रतिष्ठान का लागि प्रति कट्टा रु १२५ का दरले | | | | | |

बक्यौताको हकमा भने उल्लेखित दर बमोजिम असुल गरिनेछ।

द्रष्टव्य :
(१) नापी सम्पन्न भई नसकेका र मालपोत ऐन, २०३४ लागू नभएका क्षेत्रका जग्गाको हकमा नापी हुनुभन्दा अघिको कित्ताको आधारमाप्रति कठ्ठा रु १० का दरले भूमीकर (मालपोत) लिइनेछ।
(२) निजी वन लगाएको जग्गाको मालपोत दर सम्बन्धित जग्गारहेको किसिम अनुसारको दरमा ५० प्रतिशत छुट गरी लिइनेछ।
(३) भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन।

CamScanner

## अनुसूची ३
(ऐनको दफा ४ को उपदफा(२) संग सम्बन्धित)

**घर जग्गा बहाल करको दर**

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | दर | कैफियत |
|---|---|---|---|
| | बहाल कर | | |
| | घर बहाल कर वार्षिक सय कडा | १० प्रतिशत | |
| | जग्गा वहाल कर | १० प्रतिशत | |

CamScanner

अनुसूची ४

(ऐनको दफा ५ को उपदफा(३) संग सम्बन्धित)

**व्यवसाय कर तथा इजाजत (दर्ता तथा नविकरण) दस्तुरको दर**

| क्र.स. | व्यवसायको किसिम | दस्तुर<br>रकम रु | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १ | रु. १ लाख सम्मका व्यवसायहरु | ५०० | ५०० | |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका व्यवसायहरु | १००० | १००० | |
| ३ | रु. ५ लाख देखि रु.१० लाख सम्मका व्यवसायहरु | १५०० | १५०० | |
| ४ | रु. १० लाख देखि रु.२० लाख सम्मका व्यवसायहरु | २००० | २००० | |
| ५ | रु. २० लाख देखि रु.५० लाख सम्मका व्यवसायहरु | २५०० | २५०० | |
| ६ | रु. ५० लाख देखि रु.१ करोड सम्मका व्यवसायहरु | ३५०० | ३००० | |
| ७ | रु.१ करोड भन्दा माथिका व्यवसायहरु | ५५०० | ३५०० | |
| ८ | रु. १० करोड भन्दा माथिका व्यवसायहरु | ५०००० | २५००० | |
| ९ | रु. ५० करोड भन्दा माथिका व्यवसायहरु | १००००० | ५०००० | |
| १० | घ वर्गको निर्माण व्यवसाय इजाजत | ५००० | २००० | |
| ११ | ईट्टा उधोग | ३०००० | ५००० | |
| १२ | सिमेन्ट उधोग | ३०००० | ५००० | |
| १३ | ग्याँस उधोग | ३०००० | ५००० | |
| १४ | निजि शैक्षिक संस्था | | | |
| | क्याम्पस स्तर | १५००० | ५००० | |
| | मा.वि. स्तर | ७५०० | २५०० | |
| | नि.मा.वि. स्तर | ३५०० | १५०० | |
| | प्रा.वि. स्तर | २५०० | १००० | |
| १५ | वहुराष्ट्रिय | २०००० | ५५०० | |

नोट :-

- व्यवसाय नविकरण प्रत्येक वर्ष गराउनु पर्नेछ।
- नयाँ व्यवसाय दर्ता गर्दा मात्र दस्तुर लाग्ने र तत् पश्चात नविकरण शुल्क मात्र तिर्नुपर्नेछ ।

CamScanner

• नविकरण गर्न बाँकी रहेको व्यवसाय इजाजत पत्रको नविकरण दस्तुर लिई मात्र नविकरण गर्ने ।

अनुसूची ५

(ऐनको दफा ६ को उपदफा(१) सग सम्बन्धित)

**जडिबुटी, कवाडी, जीवजन्तु करको दर**

| क. सं | करको किसिम | करको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| क) | **ऊन, खोटो, जडिबुटी, वनकस** | ० | |
| १. | ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के. जी. | ० | |
| २. | खोटो प्रति के.जी. | ० | |
| ३. | जटिबुटीहरु (..............................................) प्रति के. जी. | ० | |
| ४. | बनकस (खर), वाबियो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता, पटेर,अम्लिसो (कुच्चो) प्रति के.जी. | ० | |
| ख) | **कवाडी मालसामान .** | | |
| १. | खाली सीसी (वियर) वोतलको साइज हेरी प्रति गोटा | १ | |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा | २ | |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रति गोटा | १ | |
| ४. | प्लाष्टिक (वोतल, भाडाकुडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) प्रति के.जी | ३ | |
| ५. | खाली बोरा :<br>५० के.जी सम्म खाद्यन्न अट्ने प्लाष्टिकका बोरा प्रति गोटा<br>५० के.जी. सम्म खाद्यान्न अट्ने जुटका बोरा प्रति गोटा<br>१०० के.जी. सम्म खाद्यान्नअट्ने जुटका बोराप्रति | १ | |
| ६. | तेलको टिन :<br>१० लिटरभन्दा बढी अट्ने ठूलो प्रति गोटा<br>१० लिटरभन्दा कम अट्ने सानो प्रति गोटा | १ | |
| ७. | पुनः प्रशोधन (रिसाइकलिङ) गरी पुनः प्रयोग हुन सक्ने<br>झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी<br>गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी.<br>जलेको मोविल प्रति लिटर<br>जुट र प्लाष्टिकका बोरा प्रति के.जी. | १<br>१<br>१<br>१<br>१ | |

| | | | |
|---|---|---|---|
| | कार्पेटका टुक्रा प्रति के.जी. | १ | |
| | टायरट्यूब प्रति के.जी. | १ | |
| | थोत्रो टिन प्रति के.जी. | ३ | |
| | पुरानो ड्रम प्रति के.जी. | १ | |
| | पुराना कागज (अखबार, न्यूजप्रिन्ट) प्रति के.जी. | ३ | |
| | पुराना अन्य कागज (कार्टुन समेत) प्रति के.जी. | २ | |
| | धातुका टुक्राहरू र पत्रुभइ काम नलाग्ने भएका धातु सामानहरू | १ | |
| | (क) फलाम प्रति के.जी. | | |
| | (ख) अन्य धातु (पित्तल, तामा आदि) प्रति के.जी. | ५ | |
| | (ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी. | १५ | |
| | पोलिथिन पाइपका टुक्राहरू प्रति के.जी. | ३ | |
| | सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी. | ४ | |
| | काचको धुलो र टुक्रा प्रति के.जी. | ४ | |
| | | ४ | |
| ग) | **प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला** | | |
| | हास, कुखुरा जस्ता पंछीहरूको प्वाख प्रति के.जी. | | |
| | हाड प्रति के.जी. | ५ | |
| | सिंग प्रति के.जी. | | |
| | खूर प्रति के.जी. | | |
| | छाला (ठूलो) प्रति गोटा | | |
| | छाला (सानो) प्रति गोटा | | |

अनुसूची ६

(ऐनको दफा ७ को उपदफा(२) संग सम्बन्धित)

**सवारी साधन करको दर**

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | दर्ता दस्तुर | नविकरण | कैफियत |
|---|---|---|---|---|
| | सवारी दर्ता तथा वार्षिक सवारी कर | | | |
| | बस, ट्रक, लरी र हेभी गाडी | १,००० | १,००० | |
| | भाडाका कार जिप | ५०० | ५०० | |
| | मिनी बस | १००० | १००० | |
| | भाडाका टेम्पो | ३०० | ३०० | |
| | ट्रेक्टर | ५०० | ५०० | |
| | निजी कार टेम्पो | ३०० | ३०० | |
| | स्कुटर मोटर साइकल | ५० | ५० | |
| | ई-रिक्सा | ३०० | ३०० | |

**एरिया लोडिङ्ग अन्लोडिङ्गको कर**

| क.सं | ढुवानी साधनका प्रकार | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | ट्रक (६ चक्का) | १०० | |
| २ | ट्रक (१० चक्का) | १०० | |
| ३ | ट्रक (१२ चक्का) | १५० | |
| ४ | ट्रक (१२ चक्का भन्दा माथि) | २०० | |
| ५ | भारतिय गाडि (ट्रक) | २०० | |
| ६ | ट्रिपर | १५० | |
| ७ | मिनि ट्रक | ५० | |
| ८ | ढुवानी मैजिक, टेम्पो | २० | |
| ९ | ट्रेक्टर | २५ | |
| १० | वेलगाडा | १५ | |
| ११ | ढुवानी ईरिक्सा, टंगाबाट माल ढुवानी | १० | |

नोट : पालिका भित्र लोड अनलोड भएमा एउटा मात्र (लोड वा अनलोड) लिइनेछ ।

CamScanner

## अनुसूची ७

(ऐनको दफा ८ को उपदफा(१ संग सम्बन्धित)

### विज्ञापन करको दर

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | दर (रु) | रकम अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| | होडिङ्ग बोर्ड, वाल पेन्टिङ व्यापारीक प्रयोजनार्थ (निजि जग्गा बाहेककोमा) | | | |
| | विस बर्ग फिट बार्षिक | ८५० | आठ सय पचास | |
| | ४० बर्ग फिट थप | ३५० | तीन सय पचास | |
| | ६० बर्ग फिट | ७२० | सात सय बिस | |
| | ८० बर्ग फिट | ९६० | नौ सय साठि | |
| | ८० बर्ग फिट भन्दा माथी | १,२०० | एक हजार दुई सय | |
| | साना किसिमका प्रचार बोर्ड ४ बर्ग फिटसम्म बार्षिक | ५०० | पाँच सय | |
| | सार्वजनिक स्थानमा व्यानर प्रतिमिटर ७ दिनका लागि प्रतिदिन | ५ | पाँच रुपैया | |
| | सार्वजनिक स्थानमा व्यानर प्रतिमिटर १५ दिनको लागि प्रतिदिन | ३ | तीन रुपैया | |
| | १ मिटर र १ बर्ग फुटसम्मको विज्ञापन एक महिना सम्म प्रतिदिन | १ | एक रुपैया | |
| | १ मिटर र १ बर्ग फुटसम्मको विज्ञापन एक महिना भन्दा बढी प्रतिदिन | २ | दुई रुपैया | |
| | प्रत्येक विद्युतपोलमा प्रति बर्ग मिटर प्रति महिना | १० | दस रुपैया | |
| | एक भन्दा बढी बोर्ड भएमा एक निशुल्क तर थपको उपरोक्त अनुसार र थप गा.पा. ले तोके अनुसार | | | |

## अनुसूची ८

(ऐनको दफा ९ को उपदफा(१) संग सम्बन्धित)

**मनोरञ्जन करको दर**

| क.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | दर | कैफियत |
|---|---|---|---|
| १. | जादु, चटक, सर्कस र रमाईलो मेला | प्रतिदिन रु. ५०० देखी 1000 सम्म स्तर हेरी प्रमुखले तोक्ने | |
| २. | मानोरञ्जन कर | | |
| | चलचित्रहल व्यवसाय | रु.१५०० | |

CamScanner

## अनुसूची ९

(ऐनको दफा १०को उपदफा(१) संग सम्बन्धित)
बहाल बिटौरी शुल्कको दर

| क्र.सं. | सम्पत्तिको किसिम | शुल्कको दर ( रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका<br>क) भवन प्रति कोठा/सटर | मासिक ४००० | |
| | ख) जग्गा प्रति कठ्ठा | मासिक २००० | |
| २. | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएकाबसपार्क/वर्कसप/उधोग/व्यवसाय जग्गा भाडा सार्वजनिक जग्गा (प्रति वर्गफिट न्युनतम) | २।५० | |
| ३. | सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल वर्गीकरण | | |

| सि.नं. | विवरण | करको दररेट (प्रति दिन रु.) |
|---|---|---|
| १ | ५ फिट क्षेत्रफलको पसल | २० |
| २ | टोकरी /दौरा | १० |
| ३. | साइकलको टोकरी /दौरा | १० |
| ४. | ठेला | १० |
| ५. | चटी बोरा | १० |
| ६. | माछा पसल (ठुला) | ४० |
| ७. | माछा पसल (सानो) | १० |
| ८. | मासु पसल (खसी ) | ५० |
| ९ | मासु पसल ( कुखुरा ) | २५ |
| १० | माटाका भाडा पसल | नि:शूल्क |
| ११ | चाडपर्वमा लागने पसल | नि:शूल्क |
| १२ | फलफुल पसल | १५ |
| १३ | जुता चप्पल सिलाई पसल | ५ |

CamScanner

## अनुसूची १०

(ऐनको दफा ११को उपदफा(१) संग सम्बन्धित)

**पार्किङ शुल्कको दर**

| क्र.सं. | सवारीको किसिम | पार्किङ्ग शुल्क प्रति दिन (रु) | कैफियत |
|---|---|---|---|
| १. | तोकेको पार्किङ क्षेत्रमा पार्किङ गरिने | | |
| | क) जीप, कार, भ्यान | २५ | |
| | ख) मोटरसाईकल | १० | |
| | ग) साइकल | ५ | |
| २. | वस पार्कमा पार्किङ गरिने<br>क) वस, मिनीवस<br>ख) ट्रक, ट्याक्टर<br>ग) जीप, कार, भ्यान | हाललाई सम्भावना नभएको । | |
| ३. | अन्य सवारी | हाललाई सम्भावना नभएको । | |

## अनुसूची ११

(ऐनको दफा १२ को उपदफा(१), (२) र (३) संग सम्बन्धित)

### सेवा शुल्क, दस्तुरको दर

| क्र. सं. | सेवा वा व्यवसायको किसिम | रकम रु | कैफियत |
|---|---|---|---|
| क) | सेवा शुल्क | | |
| १. | गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी देहायका सेवा वा व्यवसाय :<br>क) केबलकार<br>ख) ट्रेकिङ<br>ग) कायाकिङ<br>घ) क्यानोनिङ<br>ङ) वञ्जी जम्प<br>च) जिपप्लायर<br>छ) ¥याफ्टिङ<br>ज) प्याराग्लाइडिङ | हाल सम्भावना नरहेको । | |
| २. | गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा :<br>क) खानेपानी<br>ख) विजुली<br>ग) अतिथि गृह, चमेनागृह<br>घ) धर्मशाला, सामुदायिक भवन<br>ङ) पुस्तकालय<br>च) सभागृह<br>छ) फोहोरमैला व्यबस्थापन<br>ज) सरसफाई<br>झ) ढल निकास<br>ञ) सडक वत्ती<br>ट) शौचालय<br>ठ) पार्क<br>ड) स्नानगृह<br>ढ) पौडी पोखरी<br>ण)व्यायामशाला<br>त)गेष्टहाउस<br>थ) पर्यटकीय स्थल<br>द) छात्रावास<br>ध) हाटवजार<br>न) पशु बधशाला<br>प) शवदाहगृह<br>फ) धोवीघाट | हाल सम्भावना नरहेको । | |

| | | | |
|---|---|---|---|
| | ब) सडक<br>भ) बस पार्क<br>म) पुल<br>य) त्यस्तै अन्यसेवासुविधा | | |
| ३. | ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क | हाल सम्भावना नरहेको । | |
| ४. | गाँउपालिकाबाट अभिन खटाए बापत सेवा शुल्क | प्रति कित्ता रु. २०००।०० | |
| ५. | सहकारी संस्था, कल्ब तथा अन्य संस्थाको दर्ता बापतको सेवा शुल्क | रु. ५००।०० | |
| | सहकारी संस्था, कल्ब तथा अन्य संस्थाको प्रमाणपत्र नविकरण बापत शुल्क | रु.५००।०० | |

- संस्थाहरुको ठाउँसारी गर्दा नयाँ दर्ता गरे अनुसारकै दस्तुर लाग्नेछ ।

ख)

**सिफारिस तथा दस्तुर**

१) चारकिल्ला तथा घरबाटो प्रमाणित

| क्र.स | जगगाको क्षेत्रफल | कालोपत्र/ढलानले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटोले छोएको | बाटो नभएको |
|---|---|---|---|---|---|
| | ० देखि २ कठ्ठा सम्म | १५० | १२५ | १०० | ५० |
| | २ कठ्ठा देखि ५ कठ्ठा सम्म | २०० | १५० | १२५ | १०० |
| | ५ कठ्ठा देखि १० कठ्ठा सम्म | २५० | २०० | १५० | १२५ |
| | १० कठ्ठा देखि माथि | ३५० | २५० | २०० | १५० |

२) अन्य दस्तुरहरु

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | दर | रकम अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| | **घर नक्सा पास दस्तुर** | | | |
| | नक्सापास दस्तुर प्रति बर्ग फिट | | | |
| | आवासीय घरहरुका | २ | दुइ रुपैया | |
| | व्यवसायीक घरहरुको | ५ | पाँच रुपैया | |
| | उद्योग | १० | दश रुपैया | |
| | पर्खाल | २ | दुइ रुपैया | |
| | नक्सा पास पुस्तक | ५०० | पाँच सय | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | घर नक्सा पास नामसारी | ५०० | पाँच सय | |
| | घर कायम सिफारिस १००० वर्ग फिट सम्म | २०० | दुई सय | |
| | **खानेपानी धारा जडान गर्दा सडक बाटो काटे बापत शुल्क** | | | |
| | हाईवे र क लाइन कालोपत्रे सडक | ५,००० | पाँच हजार | मर्मत गर्नुपर्ने |
| | ढलान बाटो फोड्न परेमा | ५,००० | पाँच हजार | |
| | ग्रेवल सडक फोड्न परेमा | ५०० | पाँच सय | |
| | निवेदन दस्तुर | १० | दस | |
| | बकस पत्र सिफारिस | २५० | दुई सय पचास | |
| | बकस पत्र सिफारिस महिला | २०० | दुई सय | |
| | शेषपछिको बकस पत्र सिफारिस | २५० | दुई सय पचास | |
| | अंश बण्डा सिफारिस | २५० | दुई सय पचास | |
| | नाता प्रमाणित विदेश प्रयोजन | २५० | दुई सय पचास | |
| | नाता प्रमाणित अनुसूचि अनुसार | २५० | दुई सय पचास | |
| | विदेश प्रयोजनको लागि गरिने सिफारिस | २५० | दुई सय पचास | |
| | | | | |
| | रकम असुलीमा विगोको (मिलापत्र) | २.५% | दुई दशमलव ५ प्रतिशत | |
| | स्थायी बसोबास सिफारिस | १०० | एक सय | |
| | अस्थायी बसोबास सिफरिस | १०० | एक सय | |
| | सम्वन्ध विच्छेद राय सिफारिस | ५०० | पाँच सय | |
| | नाम सच्याई सर्जिमिन(नाम, जन्मस्थान, | १०० | एक सय | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | मिति) | | | |
| | मिला पत्र दुवै पक्षबाट | ५०० | पाँच सय | |
| | टेलिफोन सिफारिस | १०० | एक सय | |
| | खानो पानि तथा सरसफाई संस्थामा धारा सिफारिस | १०० | एक सय | |
| | संघ संस्था दर्ता सिफारिस | १०० | एक सय | |
| | अंगीकृत नागरिकता सर्जमिन तथा सिफारिस कार्य | १०० | एक सय | |
| | बैबाहिक अंगीकृत | १०० | एक सय | |
| | हलो जुवा काठ सिफारिस | १०० | एक सय | |
| | काठ सिफारिस कुकाठ, गोलीया | १०० | एक सय | |
| | काठ सिफारिस कुकाठ दाउरा | १०० | एक सय | |
| | काठसिफारिस साल सिसौं, गोलिया | ५०० | पाँच सय | |
| | काठ सिफारिस साल सिसौं दाउरा | १०० | एक सय | |
| | निजि आवादि काठ सिफारीस | १०० | एक सय | |
| | | | | |
| | सुकुम्वासी पुर्जा सिफारिस | १०० | एक सय | |
| | छुट जग्गा सिफारिस प्रति कठ्ठा बजार क्षेत्र (हाईवे दायाबाया ५००. मि.) | १००० | एक हजार | |
| | छुट जग्गा सिफारिस प्रति कठ्ठा बजार क्षेत्र (हाईवे दायाबाया ५०० मि बाहेकको) | २५० | दुई सय पचास | |
| | सुकुम्बासी सिफारिस | १०० | एक सय | |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| | द्वन्द्व पिडित सिफारिस | १० | दश रुपैया | |
| | लालपुर्जा फोटो टाँस | ५० | पचाँस | |
| | | | | |
| | घरको ताला खुलाउने दस्तुर | २०० | दुई सय | |
| | व्यवसायको लगत कट्टा गरे वापत | १०० | एक सय | |
| | भरुवा बन्दूक नविकरण सिफारिस | १०० | एक सय | |
| | मोठ श्रोस्ता सिफारिस | १०० | एक सय | |
| | उधोग नामसारी, ठाउँसारी सिफारिस ( ठुलो- दस करोड माथि) | १०००० | दश हजार | |
| | उद्योग नामसारी, ठाउँसारी (मझौला) | ५००० | पाँच हजार | |
| | उधोग नामसारी, ठाउँसारी सिफारिस ( सानो) | ५०० | पाँच सय | |
| | व्यवसाय नामसारी, ठाउँसारी सिफारिस | २०० | दुई सय | |
| | पेन्सन सिफारिस स्वदेश | १०० | एक सय | |
| | पेन्सन सिफारिस भारत | २०० | दुई सय | |
| | पेन्सन सिफारिस तेस्रो मुलुक | ३०० | तिन सय | |
| | पेन्सन नामसारी स्वदेश | १०० | एक सय | |
| | पेन्सन नामसारी भारतीय | २०० | दुई सय | |
| | पेन्सन नामसारी तेस्रो मुलुक | ५०० | पाँच सय | |
| | **मोही लगत कट्टा सिफारिस** | | | |
| | मोही लगत कट्टा १ विगाहा सम्म | २५० | दुई सय पचास | |
| | १ विगाहा भन्दा माथी ५ विगाहा सम्म | ५०० | पाँच सय | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | ५ विगाहा भन्दा माथी | १००० | एक हजार | |
| | मोही नामसारी | १०० | एक सय | |
| | **घडेरी प्लटिङमा नयाँ बाटा खोल्न लगत कट्टा गर्दाको सिफारिस** | | | |
| | ० देखी १० कट्ठा सम्म | १००० | एक हजार | |
| | १० कट्ठा देखि माथि | २५०० | दुई हजार पाँच सय | |
| | प्लानिङ्ग बाहेक विगत देखी सार्वजनिक प्रयोगका लागी बनेका बाटाहरुमा | १०० | एक सय | |
| | **आय श्रोत प्रमाणित सिफारिस** | | | |
| | आय श्रोत प्रमाणित प्रतिलाख | २० | बिस | |
| | **घर जग्गा नामसारी सिफारिस** | | | |
| | ५ कट्ठा सम्म | १०० | एक सय | |
| | ५-१० कट्ठा सम्म | २०० | दुई सय | |
| | १०-१ विगाहा सम्म | ५०० | पाँच सय | |
| | १ विगाहा भन्दा माथी | ८०० | आठ सय | |
| | **अपुताली सिफारिस** | | | |
| | ५ कट्ठा सम्म | ५०० | पाँच सय | |
| | ५-१० कट्ठा सम्म | ७५० | सात सय पचास | |
| | १०-१ विगाहा सम्म | १००० | एक हजार | |
| | १ विगाहा भन्दा माथी | १५०० | एक हजार पाँच सय | |
| | **उद्योग सिफारिस तर्फ** | | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | ५ हर्ष पावर सम्म | १००० | एक हजार | |
| | १० हर्ष पावर सम्म | १५०० | एक हजार पाँच सय | |
| | १५ हर्ष पावर सम्म | २००० | दुई हजार | |
| | विस हर्ष पावर सम्म | २५०० | दुई हजार पाँच सय | |
| | पच्चिस हर्ष पावर सम्म | ४००० | चार हजार | |
| | तिस हर्ष पावर सम्म | ४५०० | चार हजार पाँच सय | |
| | पैतिस हर्ष पावर सम्म | ५००० | पाँच हजार | |
| | चालिस हर्ष पावर सम्म | ५५०० | पाँच हजार पाँच सय | |
| | चालिस हर्ष पावर देखी माथी | १००० | एक हजार | |
| | **विदेश प्रयोजनको लागि गरिने सिफारिस** | | | |
| | जन्म मिति प्रमाणित | ५० | पचास | ३५ दिन सम्म निशुल्क |
| | विवाहित, अविवाहित प्रमाणित | ५० | पचास | |
| | ठेगाना प्रमाणित | ५० | पचास | |
| | चारित्रिक प्रमाणित | ५० | पचास | |
| | नाम फरक | ५० | पचास | |
| | **स्वदेश प्रयोजनका लागि सिफारिस** | | | |
| | जन्म मिति प्रमाणित | ५० | पचास | |
| | विवाहित, अविवाहित प्रमाणित | ५० | पचास | |
| | ठेगाना प्रमाणित | ५० | पचास | |
| | चारित्रिक प्रमाणित | ५० | पचास | |
| | अन्य विविध | ५० | पचास | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | संसोधन सम्बन्धि | ५० | पचास | |
| | | | | |
| | | | | |
| | सक्सनमसिन( पहिलो१टिपलाई | २५०० | दुई हजार पाँच सय | |
| | दोस्रोपटकलाई | २००० | दुई हजार | |
| | सक्सनमसिन( रिङ्गकोलागी) | २००० | प्रसौनी गा.पा भित्रलाई | |
| | पानीटंकी गा.पा. भित्रलाई प्रतिदिनको | १००० (ट्रेक्टर बाहेक) | | |
| | पानीटंकी गा.पा. भित्रलाई प्रतिदिनको | ३००० (ट्रेक्टर समेत) | | |

- अन्य सिफारिस दस्तुर रु १०० मात्र
- कक्षा ८ को मार्कसिटको प्रतिलिपि वापत रु १०० प्रति मार्कसिट
- न्यायिक समितिको निवेदन दर्ता वापत रु.५०।-

**नोट :-**

- गा.पा. अध्यक्षको सिफारिसमा दररेटमा समन्वय गरिनेछ ।
- सक्सन मसिनमा खटिने स्वीपर ड्राईभरलाई खाजा स्वरुप प्रतिटीप रु ६०० (छ सय)को दरले संकलन भएको रकम मध्ये उपलब्ध गराउने।

CamScanner

## अनुसूची १२

(ऐनको दफा १३ को उपदफा (३) संग सम्बन्धित)

**बिक्री तथा निकासी शुल्क दस्तुरको दर**

| क्र. सं. | बिक्री तथा निकासी हुने बस्तु | शुल्क दस्तुर (रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री प्रति घनफीट : | प्रति घनफीट | |
| | क) ढुंगा, गिट्टी र बालुवा | श्रोत नभएको । | |
| | ख) माटो | रु.२ | |
| २. | आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने प्राकृतिक एवं खानीजन्य वस्तुको निकासी प्रति घनफीट : | श्रोत नभएको । | |
| | क) ढुंगा, गिट्टी, बालुवा, | | |
| | ख) माटो | | |
| | ग) काठ दाउरा | | |
| | घ) जराजुरी | | |
| | ङ) स्लेट | | |

CamScanner

अनुसूची १३

(ऐनको दफा १४ को उपदफा (२) संग सम्बन्धित)

**एम्बुलेन्सको सेवा शुल्क दस्तुर**

प्रसौनी गाउँपालिकाद्वारा संचालित एम्बुलेन्स सेवाको आ.व.२०७८/०७९ मा लागुगरिएको भाडा दर ।

| देखि | सम्म | दर |
|---|---|---|
| प्रसौनी गा.पा. को १-७ सम्म वडाहरुको लागी | बिरगंज - कलैया | नि:शुल्क |
| प्रसौनी वा बिरगंज | काठमान्डौ | १०,००० /- |
| प्रसौनी वा बिरगंज | भरतपुर | ८,००० /- |
| प्रसौनी वर्थिङ्ग सेन्टरबाट सुतकेरीलाई | घरसम्मपुर्याउन वा ल्याउनलाई वडा नं. १-७ सम्म | नि:शुल्क |
| प्रसौनी गा.पा. देखि | रक्सौल (डंकन) | १००० /- |
| प्रसौनी वा बिरगंज | पटना | १०,००० /- |
| प्रसौनी वा बिरगंज | मोतिहारी | ५,००० /- |

नोट:

१) अक्सीजन प्रयोग गरेमा २० कि.मी. सम्म रु २०० र लामो दुरीका लागी रु १,००० थप गरी भाडामा लिनेछ ।

२) गरीब, असहाय, बिरामीहरुलाई तथा वर्थिङ्ग सेन्टरबाट रिफर गरिएका गर्भवती आमालाई गा.पा. अध्यक्ष/उपाध्यक्ष ज्यूको सिफारिसमा नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध हुनेछ ।

३) एम्बुलेन्समा बिरामी बाहेक दुई जना कुरुवा चढन पाइनेछ बढी भए चालकको अनुमति अनुसार चढन पाईनेछ ।

४) एम्बुलेन्स संचालनको हकमा समग्र परिवेश र परिस्थीतीको अधारमा गा.पा. अध्यक्षको निर्णयअनुसार नि:शुल्क गर्न सकिनेछ ।

CamScanner

**निर्णय नं.३.**
**गाउँपालिकाको विनियोजन ऐन, २०७९ पारित गर्ने निर्णय गरियो ।**

**अनुसूची ७**

**(दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित)**

प्रसौनी गाउँपालिकाको विनियोजन ऐन

**प्रसौनी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७९।०४।२२

**प्रस्तावनाः**

प्रसौनी गाउँ/नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम प्रसौनी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नामर प्रारम्भः (१)** यस ऐनको नाम " प्रसौनी गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च को रकम समेत गरी जम्मा रकम रू. ४८ करोड ४६ लाख ७५ हजार (अक्षेरूपी रू. अडचालिस करोड छयालिस लाख पचहत्तर हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त प्रसौनी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ/नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग

हुने शीर्षकमा रकम सार्न सकनेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।